बैठक संख्या ७

मिति २०७७।१।३१ गते श्रीमान प्र.जि.अ. हुमकला पाण्डेज्यूको संयोजकत्वमा तथा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष श्री नवराज गेलाल लगायत देहायका महानुभावहरुको उपस्थितिमा बसेको जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको बैठकको निर्णय देहाय अनुसार रहेको छ।

**उपस्थिति:**

सल्लाहकार - अध्यक्ष श्री नवराज गेलाल, जिल्ला समन्वय समिति भक्तपुर

१. प्रमुख जिल्ला अधिकारी श्री हुमकला पाण्डे, जिल्ला प्रशासन कार्यालय भक्तपुर
२. जिल्ला समन्वय अधिकारी श्री जगन्ननाथ लामिछाने , जिल्ला समन्वय समितिको कार्यालय भक्तपुर
३. प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, विरदल गण सुर्यविनायक व्यारेक
४. प्रहरी उपरिक्षक श्री सविन प्रधान, महानगरीय प्रहरी परिसर भक्तपुर
५. सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, सशस्त्र प्रहरी बल नेपाल २२ नं गण
६. उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, रा.अ.वि.जिल्ला कार्यालय भक्तपुर
७. मे.सु. श्री सुमित्रा गौतम, भक्तपुर अस्पताल
८. कार्यालय प्रमुख श्री कृष्णबहादुर मिजार, स्वास्थ्य कार्यालय भक्तपुर – स्थायी आमन्त्रित
९. प्रशासकीय अधिकृत श्री यज्ञराज जोशी, जिल्ला प्रशासन कार्यालय भक्तपुर
१०. प्रमुख श्री मनोज थापा, नेपाल रेडक्रस सोसाइटी भक्तपुर – स्थायी आमन्त्रित

**बिशेष आमन्त्रित**

१. नगर प्रमुख श्री सुनिल प्रजापति, भक्तपुर नगरपालिका
२. नगर प्रमुख श्री बासुदेव थापा, सुर्यविनायक नगरपालिका
३. नगर प्रमुख श्री मदन सुन्दर श्रेष्ठ, मध्यपुर थिमी नगरपालिका
४. नगर प्रमुख श्री सोमप्रसाद मिश्र, चाँगुनारायण नगरपालिका

**आमन्त्रित**

१. रविन्द्र ज्याख्व - वडाध्यक्ष, भनपा
२. सह.से नरेन्द्र बहादुर चन्द, विरदलगण
३. प्र.ना.उ दिपक गिरी म.प्र.प. भक्तपुर
४.

**छलफलका विषयहरु**

१. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको अवस्था विश्लेषण
२. संक्रमितहरुको कन्ट्रयाक्ट ट्रेसिङ
३. जिल्लाको सवै भूभाग वा क्षेत्रगत रुपमा आवतजावत व्यवस्थापन
४. संचालित उद्योग कलकारखाना संचालन गर्न दिने
५. नगरपालिका, अस्पताललगायत सवै निकायहरुको तयारी
६. सवारी पासको व्यवस्थापन सम्बन्धमा गृह मन्त्रालयको निर्देशन
७. स्वस्थ्यसेवा तयारी
८. विविध

निर्णय

१. भक्तपुर जिल्लामा कोभिड १९ को संक्रमणको हालको अवस्थाको समीक्षा गरियो। हाल सम्ममा बाहिर बाट आएका २ जना व्यक्तिहरुमा कोरोना पोजेटिभ देखिएको हुँदा ती व्यक्तिहरुका यात्रा विवरणका आधारमा अविलम्ब कन्ट्याक्ट ट्रेसिङ गर्ने । निजहरुको वासस्थान सिल गर्ने, परिवारका सदस्यहरुको समेत तुरुन्त परीक्षण गर्ने र आवश्यकता अनुसार आइसोलेसन/क्वारेन्टिनमा राख्ने व्यवस्था स्वास्थ्य कार्यालय र भक्तपुर अस्पतालले मिलाउने।

२. गृह मन्त्रालयको च.नं. ३७८४ मिति २०७७।१।३० को सवारी पास सम्बन्धमा प्राप्त भएको निर्देशन अनुसार यस जिल्लावाट अन्यत्र जिल्लामा जाने गरी जारी गरिएको सवै सवारी पास खारेज गरी सो को सूचना प्रकाशित गर्ने।

३. भक्तपुर जिल्लामा कोभिड १९ संक्रमणको जोखिम र समुदायमा विस्तारको खतरा देखिएको हुँदा समग्र भक्तपुर जिल्लामा कोही पनि व्यक्ति घर वाहिर निस्कन नपाउने तथा अति आवश्यक वस्तु वाहेक व्यापार, व्यवसाय र उद्योग संचालनमा रोक लगाउने।

४. भक्तपुर जिल्ला प्रवेश गर्ने र वाहिर जाने अति आवश्यक वाहेक व्यक्ति तथा सवारी साधन निषेध गर्ने।

५. भक्तपुर जिल्लास्थित नगरपालिकाहरुले क्वारेन्टिनस्थलहरु चुस्त दुरुस्त राख्ने, वडाहरु मार्फत आफ्नो क्षेत्रमा वाहिरवाट आएका व्यक्तिहरुको लगत संकलन गर्ने, निगरानी गर्ने, कोरोना परीक्षण गराउने र त्यस्ता व्यक्तिहरुलाई आवश्यकता अनुसार क्वारेन्टिनमा पठाउने काममा समन्वय गर्ने ।

६. स्थानीय र सरोकारवाला निकायवाट खाद्यान्न तथा आपूर्तीको प्रभावकारी व्यवस्थापन तथा नियमनको काम गर्ने। विपन्न खाद्यान्न अभाव भएका व्यक्तिहरुलाई राहत उपलब्ध गराउने।